apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




स्यानिटरी प्याडमा लगाइएको कर हटाउन रास्वपा सांसद यादवको माग
समाचार पृष्ठ ३

● वर्ष: १२ ● अंक: १२२ ● पृष्ठ: ४ ● ०६ जेठ २०८३ बुधबार (20 May 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## सिरहा नगरपालिकामा वेतिथि

### ई–हाजिरी मेसिन प्रयोगविहीन, डिजिटल हाजिरी प्रणाली अलपत्र

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, जेठ ०५ गते**

सिरहा नगरपालिकाले कर्मचारीको उपस्थिति व्यवस्थापनलाई पारदर्शी र व्यवस्थित बनाउने उदेश्यका साथ जडान गरेको ई-हाजिरी मेसिन प्रयोगविहीन बनेको छ।

सिरहा नगरपालिकाले प्रशासनिक सुधार तथा डिजिटल प्रणाली लागू गर्ने उद्देश्यसहित विद्युतीय हाजिरी प्रणाली जडान गरेपनि प्राविधिक तयारी र कर्मचारीको तालिम तथा व्यवस्थापन अभावका कारण सञ्चालनमा आउन सकेको छैन्। सिरहा नगरपालिकाका सूचना प्रविधि अधिकृत अमरेन्द्र कुमार यादवका अनुसार मेसिन जडान भइसके पनि नियमित सञ्चालनका लागि आवश्यक प्राविधिक कार्य पूरा नभएकाले ई-हाजिरी प्रणाली पूर्ण रूपमा लागू हुन नसकेको बताएका छन्। कर्मचारीलाई आवश्यक तालिम र प्रविधिसम्बन्धी ज्ञानको कमीले



संचालनमा आउन नसकेको उनले बताए।

सिरहाका स्थानीय युवा नेता अरबिन्द्र यादवले सार्वजनिक स्रोतबाट खरिद गरिएको उपकरण प्रयोगविहीन बनाएकोमा असन्तुष्टि व्यक्त गरेका छन्। इ-हाजिरी प्रविधिको तत्काल सञ्चालनमा ल्याएर कर्मचारीहरुको उपस्थितिलाई व्यवस्थित बनाउनु पर्ने माग गरेका छन्। यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत वैशाख १० मा जारी गरेको परिपत्र अनुसार सबै सरकारी निकायमा विद्युतीय हाजिरी प्रणाली अनिवार्य रूपमा लागू गर्न निर्देशन दिएको छ।

मन्त्रालयले कर्मचारीको दैनिक उपस्थिति डिजिटल माध्यमबाट अभिलेखीकरण गर्न तथा प्रत्येक १५ दिनमा हाजिरी विवरण प्रिन्ट गरी प्रमाणित गरेर सुरक्षित राख्न समेत निर्देशन दिएको छ। शाखा अधिकृत पीताम्बर सारुका अनुसार २०८३ वैशाख ८ गतेको सचिवस्तरीय निर्णयअनुसार सो व्यवस्था लागू गरिएको हो। यता सिरहा नगरपालिकाले प्राविधिक समस्या समाधान गरी ई-हाजिरी प्रणाली छिट्टै पुनः सञ्चालनमा ल्याउने जनाएको छ।

## मधेशका गृहमन्त्रि महतोद्वारा सर्लाही अदालत र कारागारको अनुगमन



**अपन दैनिक संवाददाता**
**सर्लाही, जेठ ०५ गते**

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले सर्लाही जिल्ला अदालत र कारागारको अनुगमन गरेका छन्। सोमबार गरिएको अनुगमनका क्रममा मन्त्री महतोले अदालतको सेवा प्रवाह, प्रशासनिक अवस्था, भौतिक पूर्वाधार तथा कारागारको सुरक्षा व्यवस्थाबारे जानकारी लिएको उनको सचिवालयले जनाएको छ।

सचिवालयका अनुसार उनले कारागारभित्र रहेका कैदी बन्दीलाई उपलब्ध गराइँदै आएको स्वास्थ्य सेवा, खानेपानी, सरसफाइ तथा अन्य आधारभूत सुविधाको अवस्थाबारे समेत चासो व्यक्त गरेका हुन्। अनुगमनका क्रममा कारागार प्रशासनले क्षमताभन्दा बढी कैदी बन्दी राख्नुपरेको, पर्याप्त भौतिक संरचना अभाव रहेको तथा व्यवस्थापनमा विभिन्न समस्या रहेको जानकारी मन्त्रीसमक्ष गराएको थियो।

अदालत प्रशासनले पनि सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन स्रोत साधनको अभाव रहेको उल्लेख गरेको बताइएको छ। मन्त्री महतोले न्यायिक सेवा नागरिकमैत्री र प्रभावकारी हुनुपर्नेमा जोड दिँदै अदालत तथा कारागार सुधार प्रदेश सरकारको प्राथमिकतामा रहेको बताए।

उनले आवश्यक समन्वय र स्रोत व्यवस्थापनका लागि प्रदेश सरकारबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन्। कैदी बन्दीप्रति कानुनअनुसार मानवीय व्यवहार गर्नुपर्ने उल्लेख गर्दै मन्त्री महतोले आधारभूत सेवा सहज रूपमा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन्।




## डिआइजीलाई जोगाउन एसपीको सरुवा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०५ गते**

प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीले ४६ जना प्रहरी उपरीक्षक (एसपी) र १४९ जना नायब उपरीक्षक (डिएसपी)को सरुवा गरेसँगै प्रहरी संगठनभित्र आरोपीलाई च्यापेर काम गर्नेलाई सरुवा गरेको भन्दै आलोचना शुरु भएको छ।

खासगरी मधेश प्रदेश र लुम्बिनी प्रदेशमा कार्यरत एसपी डिएसपीहरुको सरुवा देखिएको विभेदले आलोचना शुरु भएको हो। गृहमन्त्री नहुँदा केही समय रोकिएको सरुवाको सूची सार्वजनिक भएपछि आइजीपीले कसैलाई काखा र कसैलाई पाखा गरेको आरोप लागेको छ।

प्रहरी नियमावलीअनुसार एसपीसम्मको सरुवाको अधिकार प्रहरी महानिरीक्षकलाई नै रहेको छ। सोही अधिकार प्रयोग गर्दै आईजीपी



कार्कीले संगठनभित्र लामो समयदेखि उठ्दै आएको गुट, पहुँच र दबाबको राजनीतिभन्दा फरक शैलीमा सरुवा

बाँकी पृष्ठ २

## काठमाडौंबाट दिल्ली उड्न लागेका थिए ३७ वटा राहदानीसहित पक्राउ परेका श्रेष्ठ

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०५ गते**

नेपाल एयरलाइन्सको उडानमार्फत काठमाडौंबाट दिल्ली जान लागे एकजना ३७ वटा राहदानीसहित पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सिरहाको धनगढीमाई नगरपालिका-१३ का ३८ वर्षीय अजित श्रेष्ठ रहेका छन्। कुनै पनि आधिकारिक स्वीकृती एवं पत्र नलिई रोमानियाको भिसा लगाउने भनेर ३७ थान नेपाली राहदानीसहित उनी त्यसतर्फ जान लागेका थिए।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय पठाइएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक राज कुमार सिलवालले बताए।






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# स्वतन्त्र प्रेसको सीमा



✍ शम्भु श्रेष्ठ

**प्रेसले आफ्नो 'वाचडग'को भूमिका जोगाइराख्ने हो भने, उसले सुरुमा आफ्नो घाँटीमा 'आचारसंहिता'को सालो आफैँ बाँध्न तयार हुनुपर्छ । अर्थात्, बाह्य नियन्त्रणभन्दा आत्मनियन्त्रण नै प्रेस स्वतन्त्रता जोगाउने सबैभन्दा उत्तम उपाय हो। दृष्टि मिडियाको मुद्दामा विशेष अदालतको पूर्ण पाठले पत्रकारिता जगत्लाई आफ्नो सीमा र मर्यादा नबिर्सन गराएको एउटा सचेतनामूलक सन्देश पनि हो ।**





स्वतन्त्र पत्रकारिता लोकतन्त्रको मेरुदण्ड मानिन्छ । नेपालको लोकतान्त्रिक आन्दोलनमा स्वतन्त्र प्रेसले महत्वपूर्ण भूमिका खेलेको छ । त्यही जगमा आज स्वतन्त्र प्रेस हुर्केको छ। हालै, दृष्टि मिडिया प्रालिसम्बन्धी अदालतको अवहेलना मुद्दामा विशेष अदालतबाट जारी पूर्ण पाठले स्वतन्त्र प्रेसको सीमालाई सम्झाएको छ। बहसको क्रममा प्रेस स्वतन्त्र छ भन्दैमा यसले आफ्नो पेशागत जिम्मेवारी भुल्न नहुने र मर्यादामा बस्नुपर्ने कुरा स्मरण गराएको छ।

पक्कै पनि अरुमाथि प्रश्न गर्ने प्रेसमाथि, कसैले प्रश्न गर्ने अवस्था आउनु भनेको पत्रकारिता पेशा मर्यादित छैन भनेर बुझ्नुपर्छ । पत्रकारिता पेशालाई मर्यादित बनाउने भनेकै यस पेशामा लागेका जिम्मेवार पत्रकारहरूको दायित्व हो । यो दायित्व भुल्दा बेलाबखत न्यायालयमा पर्ने मुद्दाले पत्रकारहरूलाई सचेत गराउनुपर्ने कुरा दृष्टिको मुद्दाको क्रममा विशेष अदालतले पूर्णपाठमा उल्लेख गरेको छ।

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्नु भनेको जथाभावी लेख्ने गैरजिम्मेवार पत्रकार वा संस्थाको संरक्षण गर्नु होइन, हरेक पेशा व्यवसायमा जस्तै पत्रकारिता पेशामा पनि आचारसंहिता लागू हुन्छ, त्यो कुरा बिर्सिंदा न्यायालयले पनि स्वतन्त्र प्रेसमाथि औंला ठड्याउने मौका पाउँछ।

नेपालको सन्दर्भमा स्वतन्त्र न्यायपालिका र स्वतन्त्र प्रेसबीच नङ र मासुको सम्बन्ध छ । त्यसैले समाचार लेखेकै आधारमा न्यायपालिकाले प्रेसमाथि दण्ड सजाय गरि हाल्दैन । तर प्रेस स्वतन्त्रताको अर्थ तथ्य, प्रमाण र उत्तरदायित्वविहीन अभिव्यक्तिको छुट होइन । पत्रकारिताको नाममा पूर्वाग्रह, आग्रह वा नियोजित ढंगले व्यक्तिमाथि आक्रमण हुने गरी सामग्री सम्प्रेषण गरिँदा त्यसले केवल सम्बन्धित व्यक्तिलाई आघात पुर्‍याउने मात्र होइन, सिंगो पत्रकारिता क्षेत्रकै विश्वसनीयतालाई संकटमा पार्छ।

यही संवेदनशीलतालाई मध्यनजर गर्दै न्यायपालिकाले प्रेस स्वतन्त्रताको सम्मान गर्दै आएको छ, तर सँगसँगै पत्रकारिताको मर्यादा, सीमारेखा र व्यावसायिक उत्तरदायित्व ननाघ्न समय-समयमा सचेत गराउनु भनेको एक प्रकारको चेतावनी पनि हो।

यसै सन्दर्भमा दृष्टि मिडिया प्रा.लि.माथि न्यायालयमा 'बिचौलिया र सेटिङ' शब्दप्रति आपत्ति जनाउँदै बहसको क्रममा त्यसलाई प्रमाणित गर्न चुनौती पनि दिएको छ । कुनै पनि समाचार प्रकाशित हुनु अगाडि त्यसलाई पुष्टि गर्ने ठोस प्रमाण, आधार पत्रकारहरुसँग अनिवार्य हुनुपर्छ, अन्यथा त्यो अवहेलना अथवा गाली बेइज्जतीको मुद्दा बन्छ। बिना प्रमाण छापिने यस्ता समाचारहरूबाट पत्रकारहरू सजायको भागिदार बन्नुपरेका उदाहरण पनि प्रशस्तै छन्।

पत्रकारिता पेशालाई जिम्मेवार, मर्यादित र विश्वसनीय बनाइएन भने पत्रकारिता पेशाप्रतिको जनविश्वास गुम्छ। यो कुरालाई बिर्सिएर पत्रकारिता पेशालाई दुरुपयोग गर्दा धेरै पत्रकारहरू प्रेस काउन्सिलको कठघरामा उभिन बाध्य छन्। पत्रकारहरूमाथि मुद्दा चल्दा न्यायालयले प्रेस काउन्सिलको आचारसंहिताका विषयमा पनि ध्यान आकर्षण गराउनु भनेको पत्रकारलाई मर्यादा र आचरण सिकाउनु पनि हो। यस्तो अवस्था आउनु भनेको नेपाली पत्रकारिता कतिसम्म गैर जिम्मेवार बन्दै गएको छ भन्ने कुराको उदाहरण पनि हो । कतिपय घटनामा प्रेस काउन्सिललाई टेरपुच्छर नलगाउँदा आचारसंहिता उल्लंघनको घटनामा पत्रकारहरू दण्डित पनि हुनुपरेको छ।

प्रेस काउन्सिल अर्धन्यायिक निकाय भएकोले पत्रकारिता क्षेत्रको विकृति, विसंगति दुरुपयोग र गैरजिम्मेवार प्रवृत्तिलाई हटाउन काउन्सिल केवल नियमन गर्ने निकायका रूपमा मात्रै होइन, प्रभावकारी नियामक र अनुशासन कायम गर्ने संस्थाका रूपमा प्रस्तुत हुनैपर्ने भएको छ।

अझ प्रविधिको विकाससँगै सामाजिक सञ्जाल र अनलाइन पोर्टलहरु टाउको दुखाइको विषय बनेको छ। यी माध्यमहरुले समाजलाई सकारात्मक बाटोमा डोहोर्‍याउने भन्दा पनि नकारात्मक बाटोतर्फ धकेल्ने प्रवृत्तिले समाज आक्रान्त बनेको छ। यसबाट देश र समाजलाई जोगाउन र सही विचार सम्प्रेषण गर्न स्वतन्त्र प्रेसको भूमिका महत्वपूर्ण हुन्छ।

यदि प्रेसले आफ्नो 'वाचडग'को भूमिका जोगाइराख्ने हो भने, उसले सुरुमा आफ्नो घाँटीमा 'आचारसंहिता'को साङ्लो आफैँ बाँध्न तयार हुनुपर्छ। अर्थात्, बाह्य नियन्त्रणभन्दा आत्मनियन्त्रण नै प्रेस स्वतन्त्रता जोगाउने सबैभन्दा उत्तम उपाय हो। दृष्टि मिडियाको मुद्दामा विशेष अदालतको पूर्ण पाठले नेपाली पत्रकारिता जगत्लाई आफ्नो सीमा र मर्यादा नबिर्सन गराएको यो एउटा सचेतनामूलक सन्देश पनि हो।

# सम्पादकीय...

## खुला दिसामुक्त घोषणामा लापरवाही

नेपालले केही वर्षअघि खुला दिसामुक्त राष्ट्र घोषणा गर्‍यो। त्यसका लागि खुला दिसामुक्त घोषणा हुन नसकेको जिल्लाका स्थानीय तहहरुले धमाधाम खुला दिसामुक्त वडा, पालिका घोषणा गरेको थियो। त्यसपछि जिल्लालाई नै खुला दिसामुक्त जिल्ला घोषणा गरिएको थियो । मधेश प्रदेशका आठ जिल्लामध्ये सिरहा जिल्लालाई सबैभन्दा पहिले खुला दिसामुक्त जिल्ला घोषणा गरिएको थियो । मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले अब शौचका लागि बाहिर जानुपर्ने अवस्था अन्त्य भएको दाबी गरेको थियो । तर घोषणा भएको १० वर्षमा पनि वास्तविकता फरक छ । अझै पनि सिरहाका धेरै विपन्न बस्तीमा शौचालयको अभाव छ। सार्वजनिक शौचालयको उचित व्यवस्था छैन । हजारौं नागरिक खुला ठाउँमै दिसा गर्न बाध्य छन्।

१० वर्षमा पनि सिरहा जिल्ला पूर्ण रुपमा खुलादिसामुक्त हुन सकेको छैन्। सवैभन्दा वढी जोखिम विपन्न वस्तीमा रहेको छ। आफ्नै जग्गा नहुनेहरुलाई सौचालयको लागि बाहिरै जानुपर्ने बाध्यता रहेको छ। यसको ताजा उदाहरण ६ महिना पहिले लहान नगरपालिकाले स्वच्छता अभियान अन्तर्गत सर्वे गर्दा नगरको २० हजार ५७७ घरधुरीमध्ये ४ हजार २०१ मा शौचालय नरहेको पाइयो। यो सर्वेले नै घोषणा हतारो भएको भन्ने कुरालाई दर्शाएको छ। यसले सरकारी घोषणा र व्यवहारबीचको ठूलो अन्तर देखाएको छ। यसले घोषणा गरेर मात्रै कुनै अभियान सफल हुँदैन भन्ने कुरा उजागर गरेको छ। खुला दिसामुक्त अभियानलाई दीगो बनाउन स्थानीय सरकारको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ। संविधानले स्थानीय तहलाई आधारभूत सरसफाइ, खानेपानी तथा स्वास्थ्यसम्बन्धी अधिकार दिएको छ। त्यसैले स्थानीय सरकार केवल घोषणा गर्ने निकाय नभई सेवा सुनिश्चित गर्ने जिम्मेवार संस्था पनि हो।

अभियान अन्र्तगत शौचालय निर्माण गरिएपनि त्यसको प्रयोग, मर्मत, पानीको उपलब्धता र जनचेतनाजस्ता पक्षलाई बेवास्ता गर्दा समस्या पुनः दोहोरिएको छ। विशेषगरी भूमिहीन, दलित, गरिब तथा सुकुम्बासी समुदाय अझ बढी समस्यामा छन्। आफ्नै जग्गा नभएकाले उनीहरू शौचालय निर्माण गर्न सक्दैनन्। यस्तो अवस्थामा स्थानीय सरकारले लक्षित कार्यक्रम ल्याउनुपर्ने हुन्छ । सामुदायिक शौचालय निर्माण, अनुदान व्यवस्था, सुरक्षित बस्ती विकास तथा जनसहभागितामूलक सरसफाइ कार्यक्रम सञ्चालन नगरी समस्या समाधान हुन सक्दैन । केवल चेतनामूलक भाषणले मात्रै व्यवहार परिवर्तन हुँदैन । सार्वजनिक शौचालयको अभाव अर्को गम्भीर चुनौती हो। बजार, बसपार्क, सार्वजनिक स्थल तथा ग्रामीण क्षेत्रहरूमा पर्याप्त र व्यवस्थित सार्वजनिक शौचालय नहुँदा सर्वसाधारणले सास्ती भोग्नुपरेको छ। यो सामाजिक र वातावरणीय सुरक्षासँग जोडिएको विषय हो । खुला दिसा गर्ने बाध्यता हुँदा विभिन्न संक्रामक रोग फैलिने जोखिम बढ्छ। बालबालिका, महिला तथा वृद्धहरू अझ बढी प्रभावित हुन्छन्। त्यसैले सिरहा जिल्लाका १७ वटै पालिकाले यस विषयमा गम्भीर बन्नुपर्छ। सिरहा जिल्लाले हतारमा गरेको घोषणाको सट्टा ग्रामीण तहमा यर्थाथतमा काम गर्नुपर्ने आवश्यकता छ। जसका निम्ति पालिकाहरु एक आपसमा समझदारी गरी अघि वढ्दै खुला दिसाको अवस्थालाई अन्त गर्नुपर्छ।

## डिआइजीलाई जोगाउन एसपीको ...............

गर्ने अपेक्षा गरेको भएपनि त्यसो हुन नसकेको आरोप लागेको छ।

खासगरी आइजीपी कार्कीले आफ्ना नजिक रहेकालाई आकर्षक जिल्ला दिएर पठाएको आरोप लागेको छ। प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको सूचीअनुसार गोरखामा अनिलकुमार खड्का, धनुषामा अमरेन्द्रबहादुर सिंह, सुर्खेतमा ठाकुरप्रसाद पोखरेल, सप्तरीमा नवराज मल्ल, धनकुटामा नारायण रंजितकार तथा कञ्चनपुरमा नेत्रमणि गिरीलाई जिल्ला प्रमुखको जिम्मेवारी दिइएको छ।

यस्तै, फणीन्द्र प्रसाईलाई बागलुङ पठाइएको छ भने गुल्मीमा भीमकिरण बोगटी, कपिलवस्तुमा मनोहरप्रसाद भट्ट र स्याङ्जामा रंजितसिंह राठौरलाई सरुवा गरिएको छ । काभ्रेपलाञ्चोकमा रबिन कार्की, सिन्धुलीमा रबिन्द्रबहादुर सिंह तथा सर्लाहीमा रबिन्द्रनाथ पौडेललाई जिम्मेवारी दिइएको छ । पश्चिम नवलपरासीमा रामबहादुर केसीलाई पठाइएको छ।

त्यसैगरी महोत्तरीको प्रहरी प्रमुखमा श्यामकुमार सारुमगर, डोटीमा सागर बोहरा तथा चितवनमा रामेश्वर पौडेललाई सरुवा गरिएको छ । उनीहरु सबै आइजीपी कार्की निकट रहेको स्रोतको दावी छ। मधेश प्रदेशमा डिआइजी गोविन्द थपलियाको कोपभाजनमा परेका रुगम कुँवर र गौतम केसीलाई सरुवा गरिएको छ। डिआइजीलाई घुमुवा मार्फत लाइन सलामी नबुझाउने कुँवर र केसीलाई सरुवा गरिएको हो।

केसीले श्रममन्त्रीका स्वकीय सचिवलाई पक्राउ गरी मानिस अपहरण गरेको आरोपमा अनुसन्धान गरिरहेका थिए । रास्वपा सिरहका नेताहरुको दबाबमा उनलाई सरुवा गरिएको छ । २०८२ असोज २ मा केसी सप्तरीमा सरुवा भएको थियो। प्रहरीमा सामान्यतया सरुवाको एक वर्ष नभई सरुवा हुन्न । उनको कार्यकाल अझै ५ महिना बाँकी रहँदै सरुवा गरिएको हो।

केसीसँगै एकै लटमा ४८ एसपीको सरुवा भएको थियो। उनीसँगै सरुवा भएका अन्य एसपीको सरुवा भएको छैन। ४६ जनाको सरुवा हुँदा उनको लटमा सरुवा भएकामध्ये केसी र कुँवरको मात्र सरुवा निस्किएको हो। केसीलाई प्रहरी प्रधान कार्यालयको अन्वेषणमा ल्याएर सप्तरीमा नवराज मल्लको सरुवा गरिएको छ।

धनुषाका सबै नाका बन्द गराउने र तस्करी हुन नदिने कुँवरलई डिआइजीकै कारण सरुवा गरिएको छ । डिआइजीका घुमुवाहरुले रकम असुली गरेको आरोप लागेपछि डिआइजी गोविन्द थपलियालाई प्रहरी प्रधानकार्यालयले छानवीन समेत गरेको छ।

यद्यपि प्रदेश कार्यालयको जिम्मेवारीमा राखेर गरिएको छानवीनले प्रमाणहरु नष्ट गर्ने र डरले कोही कसैले पनि सत्य नबोल्दा डिआइजी जोगिने अवस्था रहेको छ। एआइजी उमा चर्तुवेदीको संयोजकत्वमा बनेको छानवीन समितिले प्रतिवेदन बुझाएको छैन। प्रतिवेदन नबुझाई दुई एसपीको सरुवा गराएर डिआइजी थपलियालाई जोगाउन खोजिएको छ।

## आजको राशिफल

**मेष** : दिन तपाईंका लागि ऊर्जावान् रहनेछ। विशेष गरी सामाजिक कार्यमा रुचि बढ्नेछ।

**बृष** : आज आर्थिक लेनदेनमा अलि सजग रहनुहोला। अनावश्यक विवादले मानसिक तनाव दिन सक्छ।

**मिथुन** : रमाइलो यात्राको योग रहेको छ। नयाँ साथीभाइ बन्नेछन् र रमाइलो भेटघाट हुनेछ।

**कर्कट** : आज कार्यक्षेत्रमा तपाईंको प्रभाव बढ्नेछ। मिहिनेत अनुसारको फल प्राप्त हुनाले उत्साह जाग्नेछ।

**सिंह** : तपाईंको आत्मविश्वासमा वृद्धि हुनेछ। कुनै नयाँ योजना सुरु गर्न चाहनुहुन्छ भने आजको दिन उपयुक्त छ।

**कन्या** : आज केही खर्चिलो दिन हुन सक्छ। विलासिताका सामानमा धन खर्च हुने सम्भावना छ।

**तुला** : आम्दानीका नयाँ बाटाहरू खुल्नेछन्। साथीभाइको सहयोगले ठूलो काम बन्न सक्छ।

**वृश्चिक** : दिन तपाईंका लागि विशेष लाभदायक हुन सक्छ। कार्यस्थलमा पदोन्नति वा प्रशंसा मिल्ने सम्भावना छ।

**धनु** : भाग्यले साथ दिनेछ। रोकिएका कामहरू सहजै सम्पन्न हुनेछन्।

**मकर** : आज स्वास्थ्यमा केही समस्या देखिन सक्छ, विशेष गरी पेट वा हड्डी सम्बन्धी।

**कुम्भ** : व्यवसायिक यात्रा फलदायी रहने देखिन्छ। प्रतिस्पर्धामा तपाईंको पक्ष बलियो रहनेछ।

**मीन** : शत्रुमाथि विजय प्राप्त हुनेछ। पुराना ऋणहरू चुक्ता गर्ने अवसर मिल्न सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं ।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं ।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं ।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं ।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

**नरहा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, नरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# स्यानिटरी प्याडमा लगाइएको कर हटाउन रास्वपा सांसद यादवको माग

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०५ गते**




रास्वपा सांसद पुरुषोत्तम यादवले महिलाका लागि अत्यावश्यक सामग्री स्यानिटरी प्याडमा लगाइएको कर तत्काल हटाउन सरकारसँग माग गरेका छन्।

प्रतिनिधि सभाको मंगलबारको बैठकमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउँदै सांसद यादवले महिनावारी कुनै रहर नभई महिलाको प्राकृतिक आवश्यकता भएको बताएका हुन्।

महिनावारीको समयमा सुरक्षित र स्वस्थ रहन पाउनु हरेक महिलाको मौलिक हक र सम्मानको विषय भएको उनले उल्लेख गरे।

उनले महिनावारीलाई राजश्वको स्रोत बनाउने राज्यले समानता र महिला सशक्तीकरणका बारेमा बोल्ने नैतिक अधिकार नराख्ने टिप्पणी गरे।

सांसद यादवले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने चुरोट, मदिरा जस्ता पदार्थमा 'सिन ट्याक्स' थप वृद्धि गर्न सुझाव दिँदै महिलाको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको स्यानिटरी प्याडमा कर लगाइरहनु राज्यको असंवेदनशीलताको प्रतिक भएको बताउ।

'एकातिर महिला सशक्तीकरण र लैंगिक समानताका ठूला भाषण गर्ने, अर्कोतिर स्यानिटरी प्याड जस्तो आधारभूत आवश्यकताका सामग्रीमा कर लगाउने कार्य सामाजिक न्यायको सिद्धान्त विपरीत छ। यो केवल आर्थिक मुद्दा मात्र होइन, यो महिलाको प्रतिष्ठा, स्वास्थ्य र समान अवसरको प्रश्न पनि हो,' उनले भने।

# छुट्टै कार्यालय खोल्न घर खोज्दैछ देउवा समूह

## 'निष्पक्ष महाधिवेशन गर्न संयन्त्रको आवश्यकता छ, भाग खोजेका होइनौं'

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०५ गते**





विशेष महाधिवेशनमा सहभागी नरहेको नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा पक्ष १५औं महाधिवेशनको निष्पक्षताका लागि पार्टीले एउटा संयन्त्र बनाउनुपर्ने अडानमा छ।

प्रदेशहरूमा लगातार भेला गरिरहेको देउवा समूहले पार्टीभित्रका विवाद समाधान र महाधिवेशन निष्पक्षताका लागि एउटा कार्यदल आवश्यक पर्नेमा जोड दिएको हो।

निवर्तमान सभापति देउवा अहिले विदेशमा छन्। स्वास्थ्य उपचारका लागि विदेश गएका हुन् अहिलेसम्म फर्किएका छैनन्।

उनको अनुपस्थितिमा देउवा समूहको नेतृत्व निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले गरेका छन् भने नेताहरू विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, प्रकाशशरण महत लगायत पनि यही समूहमा छन्।

गत असोज २८ गते देउवाले खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएपछि यो समूहको नेतृत्व खड्काले नै गर्दै आएका छन्।

उक्त समूहमा सक्रिय रहेका नेता प्रकाशशरण महतले पार्टी एकताबद्ध बनाएर जानुपर्ने पक्षमा आफूहरू रहेको बताए।

'पार्टी एक भएर जानुपर्ने पक्षमा हामी छौं। हाम्रो बटमलाइन भनेको १५औं महाधिवेशन निष्पक्ष रूपमा गर्न एउटा साझा संयन्त्र चाहियो भन्ने हो,' उनले भने, 'विशेष महाधिवेशनमा सबैको सहभागिता नरहेकाले एकलौटी रूपमा उनीहरूले गर्ने अधिवेशन त जसलाई घोषणा गरे पनि भयो।'

पार्टीको अधिवेशन प्रक्रिया अघि बढाउन एउटा निष्पक्ष संयन्त्र गठन गर्न विशेष महाधिवेशनबाट आएको वैधानिक नेतृत्व तयार रहनुपर्ने उनले बताए।

'सहमतिको एउटा सानो संयन्त्र बनाउनुपर्छ। त्यसका लागि विशेष महाधिवेशनबाट आएको वैधानिक नेतृत्व तयार रहनुपर्छ, हाम्रो कुरा यत्ति हो,' उनले भने।

उनले क्रियाशील सदस्यता अद्यावधिक गरिराख्न जरूरी नपर्ने

बाँकी पृष्ठ ४ ▶▶

**अपन दैनिक पत्रिका**

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ ।
- दिमागमा असर पर्नसक्छ ।
- समयमा नसुत्न सक्छन् ।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन् ।
- एकान्तमा बस्न मन पराउन सक्छन् ।
- झिज्याहट हुन सक्छ ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन् ।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन् ।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

**सिरहा नगरपालिका**
**६ नं. वडा कार्यालय बसपिट्टा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# सेवा बन्द गरेर मन्त्रालयलाई साँचो बुझाउने वीरगन्ज महानगरको निर्णय

**अपन दैनिक संवाददाता**
**पर्सा, जेठ ०५ गते**




वीरगन्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको सरुवालाई लिएर ४ महिनादेखि जारी विवाद साम्य हुनुभन्दा थप चर्किएको छ। ४ महिनादेखि जारी विवाद साम्य गर्न संघ सरकारले पहल नगरेको भन्दै महानगरले सम्पूर्ण सेवा बन्द गरेर साँचो संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई बुझाउने निर्णय गरेको हो।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहका प्रेस सल्लाहकार नवराज फुयालका अनुसार, सोमबार महानगर प्रमुख सिंह, उपप्रमुख इम्तियाज आलम तथा अधिकांश वडाध्यक्षसहित बसेको बैठकले सेवा बन्द गर्ने तथा बुधबार मन्त्रालयमै गएर साँचो बुझाउने निर्णय गरेको हो। मन्त्रालयले चार महिनाअघि पठाएका सहसचिव रेशमलाल कँडेललाई महानगरले हाजिर नगराउने अडान कायमै राख्दै आएको छ।

सुशीला कार्की नेतृत्वको सरकारले १२ फागुन २०८२ मा कँडेललाई वीरगन्ज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउने निर्णय गरेको थियो। तर, महानगरको सहमति बेगर सरुवा गरिएको भन्दै सुरुदेखि नै कँडेललाई हाजिर गराउने सम्बन्धमा असहमति जनाउँदै आएको थियो।

सरुवा भएपछि कँडेल तत्काल महानगरमा हाजिर हुन नआएको र काठमाडौंमै बसेर विभिन्न सञ्चार माध्यममार्फत महानगरलाई बदनाम गर्ने काम गरेकाले उनलाई कुनै पनि हालतमा हाजिर नगराउने निर्णय गरिएको हो।

सरकारले पटकपटक ताकेता गरेपछि मात्रै कँडेल रवाना लिएर आउन लागेको, सरकारलाई नटेर्ने र महानगरलाई बदनाम गर्ने

बाँकी पृष्ठ ४ ▶▶

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय लाहान, सिरहाका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०२/०६ गते बुधबारको अपन दैनिक राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय लाहान, सिरहामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०३/१७ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय लाहान, सिरहामा** दिनको ठीक ३:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ताहरु तथा धितो सुरक्षणको विवरण :**

| | |
|---|---|
| **ऋणी : विनिता कुमारी यादव** (ना.प्र.नं. १५-०१-७०-०८१६०, मिति २०७०/०३/१२, जि.प्र.का. सिराहा)। ठेगाना : सिराहा जिल्ला बरियारपट्टी गा.पा. वडा नं. १ (साविक कचनारी गा.वि.स. वडा नं. ३)। बुवा : निरंजन यादव। पति : शैलेन्द्र कुमार यादव। ससुरा : सुर्य नारायण यादव। | **जमानतकर्ता : शैलेन्द्र कुमार यादव** (ना.प्र.नं. ८३८/४६०८९, मिति २०६०/०४/२५, जि.प्र.का. सिराहा)। ठेगाना : सिराहा जिल्ला बरियारपट्टी गा.पा. वडा नं. १ (साविक कचनारी गा.वि.स. वडा नं. ३)। बुवा : सुर्य नारायण यादव। बाजे : जुगुत भगत यादव। |
| **जमानतकर्ता : सुर्य नारायण यादव** (ना.प्र.नं. ३९६४२५४६/४७१३, मिति २०३५/०२/२९, जि.प्र.का. सिराहा) ठेगाना : सिराहा जिल्ला बरियारपट्टी गा.पा. वडा नं. १ (साविक जानकीनगर गा.वि.स. वार्ड नं. २)। बुवा : जुगुत भगत यादव। बाजे : बोनाई भगत। | **जमानतकर्ता : राधीका देवी** (ना.प्र.नं. ३९६४२५४७/२३७७, मिति २०४५/०१/११, जि.प्र.का सिराहा) ठेगाना : सिराहा जिल्ला बरियारपट्टी गा.पा. वडा नं. १ (साविक कचनारी गा.वि.स. वडा नं. ३)। बुवा : सूवधी यादव। पति : सुर्य नारायण यादव। ससुरा : जुगुत भगत यादव। |
| **जमानतकर्ता : नरेन्द्र कुमार यादव** (ना.प्र.नं. १५१०४१/२६२०, मिति २०६६/१२/०९, जि.प्र.का सिराहा) ठेगाना : सिराहा जिल्ला बरियारपट्टी गा.पा. वडा नं. १ (साविक कचनारी गा.वि.स. वडा नं. ३)। बुवा : सुर्य नारायण यादव। बाजे : जुगुत भगत यादव। | **जमानतकर्ता : धिरेन्द्र कुमार यादव** (ना.प्र.नं. १५३०४१/१, मिति २०६३/१०/०१, जि.प्र.का. सिराहा)। ठेगाना : सिराहा जिल्ला बरियारपट्टी गा.पा. वडा नं. १ (साविक कचनारी गा.वि.स. वडा नं. ३)। बुवा : सुर्य नारायण यादव। बाजे : जुगुत भगत यादव। |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. विनिता कुमारी यादवको नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला फुलकाहकट्टी गा.वि.स. वार्ड नं. ५, नक्सा सिट नं. ५ख, स्थित कित्ता नं. १०४९ र ७५६ को क्षेत्रफल ०-१-०-०, ०-१-१०-० (बिघा)को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय लहान सिराहाबाट** समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा यस बैंकको शाखा कार्यालय लाहान सिराहामा सम्पर्क गर्न हुन तथा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय लहान सिराहामा** सम्पर्क राख्न सकिनेछ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

# अर्थमन्त्री संसद्मा नआएको प्रति अमरेशको आक्रोश– नयाँको नाममा सबै भत्काउने होइन



**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०५ गते**

रास्वपा सांसद डा. अमरेशकुमार सिंहले आगामी आर्थिक वर्षको बजेटको विनियोजन प्राथमिकतामा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले उपस्थित नभएको प्रति आक्रोश व्यक्त गरेका छन्।

प्रतिनिधिसभा बैठकमा बजेटको विनियोजन प्राथमिकतामाथि छलफल चलिरहेको छ।

छलफलमा भाग लिन पुगेका सांसद सिंहले आफ्नो २० वर्षे कार्यकालमा पहिलोपटक अर्थमन्त्री नहुँदा पनि बजेटको विनियोजनमाथि छलफल चलेको भन्दै आश्चर्य व्यक्त गरे।

छलफल चलिरहँदा सरकारको तर्फबाट परराष्ट्रमन्त्री शिशिर खनाल उपस्थित थिए।

उनले बजेट परराष्ट्रमन्त्रीले बजेट नबनाउने भन्दै आफूले रेकर्डमा राख्नका लागि यो अभिव्यक्ति दिएको जिकिर गरे।

'हामी पाँचौंचोटीको सांसदले पनि सबै परम्परा भत्काउँदै गयो भने यो संसद्को औचित्य समाप्त हुन्छ। पार्लियामेन्ट्रि सिस्टमको समाप्त हुन्छ। हाम्रो देश, हाम्रो संविधानले पार्लियामेन्ट्रि सिस्टमको अंगीकार गरिरहेको छ। जहाँ सबै सांसद बराबर हुन्छ,' सांसद सिंहले भने, 'प्रश्न सरकारसँग गरिन्छ र कुरा पनि जनताको राखिन्छ। म २० वर्षको कार्यकालमा पहिलोचोटि देख्दैछु, अर्थमन्त्री नभएर पनि बजेटको विनियोजन हुँदैछ।'

## सेवा बन्द गरेर मन्त्रालयलाई साँचो .............

कर्मचारीसँग काम गर्न नसकिने ठहर गर्दै बैठकले उनको साटो अर्को प्रमुख प्रशासकीय अधिकृत पठाए स्वीकार गर्ने निर्णय समेत गरेको फुयालले बताए। कँडेललाई हाजिर गर्न नदिएपछि महानगर झण्डै चार महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन छ।

जसले गर्दा महानगरको आर्थिक तथा प्रशासनिक कामकाज प्रभावित भएको छ। कर्मचारीले माघ महिना देखिको तलब पाएका छैनन्। महानगरको विकास निर्माणको कामसमेत प्रभावित छन्।

महानगरले यसअघि नै मन्त्रालयलाई पत्राचार गर्दै कँडेलको सरुवा निर्णय पुनर्विचार गर्न आग्रह गरेकोमा मन्त्रालयले महानगरको आग्रहलाई बेवास्ता गरेको फुयालले बताए। मन्त्रालयले महानगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णको आर्थिक तथा प्रशासनिक अधिकार समेत मन्त्रालयले कटौती गरेको छ।


# सिरहा जिल्ला क्रिकेट संघ
**सिरहा, मधेश प्रदेश**

**अत्यन्त जरूरी सूचना**

**सूचना प्रकाशित मिति: २०८३।२।०५ गते।**

नेपाल क्रिकेट संघको बिधान २०५५ को चौथो संशोधन २०८० बमोजिम तल उल्लेखित मापदण्ड पुगेका व्यक्ति तथा क्लबलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सक्कलै प्रमाण सहित सदस्यता लिन तथा पुराना सदस्यलाई नवीकरणको लागि अनुरोध गरिन्छ। संघको विधान अनुसार साधारण सदस्यता लिएका व्यक्ति तथा क्लबहरु मात्र अगामी जिल्लाको साधारणसभामा भाग लिन योग्य हुनेछ।

**सदस्यताका लागि मापदण्डहरू:**
- बिगत ३ अलग अलग बर्षमा ३ वटा राष्ट्रिय प्रतियोगिता (सिनियर) खेलेका पुर्व खेलाडिहरु (प्रमाण अनिवार्य)
- एउटा अन्तराष्ट्रिय क्रिकेट प्रतियोगिता (सिनियर) खेलेका पुर्व अन्तराष्ट्रिय खेलाडिहरु (प्रमाण अनिवार्य)
- आइसिसि, एसिसि र नेपाल क्रिकेट संघद्धारा आयोजित प्रशिक्षण कार्यक्रमबाट श्रेणि (क) उतिर्ण गरेका अम्पाएर कोच, अम्पाएर तथा स्कोररहरु।
- दुई कार्यकाल नेपाल क्रिकेट संघ, क्षेत्रिय क्रिकेट विकास समिति वा जिल्ला क्रिकेट संघमा बसेका सदस्यहरु।
- बिगत ८ बर्षमा सिरहा जिल्ला क्रिकेट संघद्धारा आयोजित जिल्ला स्तरीय क्रिकेट प्रतियोगितामा २ वा सो भन्दा बढीमा भाग लिएका प्रमाण पेश गर्ने क्लब एकेडेमीहरु (सूचना प्रकाशन भएको मिति सम्म नेपाल सरकारको निकायमा दर्ता र नवीकरण भएका क्लब क्रिकेट एकेडेमीहरु)

**सदस्यता शुल्क:**
- साधारण सदस्य: रु. ५००।०० साथै ४ बर्षको अग्रिम दस्तुर वापत २५०।०० का दरले रु. १०००।०० गरि जम्मा १५००/०० मात्र।
- क्लबका लागि: रु. ५०००।०० बार्षिक नविकरण रु. १०००।०० (एक मुष्ट ९ हजार)।

**नोट:** माथि उल्लेखित योग्यता पुगेका व्यक्ति वा वलवहरुले सदस्यता लिन आउदा अनिवार्य रुपमा योग्यता पुगेको प्रतिलिपी पेश गर्नु पर्नेछ।

**अधिबेशन कार्यक्रम तालिका:**
**मिति:** २०८३/०२/२९ गते (शुक्रबार)
**समय:** बिहान १० बजे
**स्थान:** रमझम साझ होटलको सभाहलमा सिरहा ना.पा
**सम्पर्क नम्बर** ९८४२८ ३६०९४ सुनिल महासेठ (जिल्ला अध्यक्ष)


# पूर्वराजाले पटकपटक भेट्न खोजेको भन्दै संसद्मा कालो पोशाक लगाएर पुगे महन्थ

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०५ गते**



जसपा नेपालका संरक्षक महन्थ ठाकुरले पूर्वराजा ज्ञानेन्द्र शाहले आफूसँग पटकपटक भेट्ने प्रयास गरेको बताउँदै संसद्मा कालो पोशाक लगाएर पुगेका छन्।

राष्ट्रिय सभाको मंगलबारको बैठकमा अध्यक्ष ठाकुरले सांकेतिक रूपमा कालो पोशाक प्रदर्शन गरेका हुन्।

अध्यक्ष ठाकुरले पूर्वराजाले आफूसँग पटक-पटक भेट्ने प्रयास गरेको बताउँदै सोही प्रयोजनका लागि आफूले कालो पोशाक लगाएर आएको टिप्पणी पनि गरे।

'मेरो परिचय विभिन्न किसिमको छ, म मधेशी पनि हुँ नेपाली भन्नुहुन्छ भने नेपाली पनि हुँ। मेरो सबै परिचय छ। मेरो भित्रको आईडेन्टिटी पनि छ, बाहिरको पनि छ। त्यही कारण केही गतिविधि मलाई थाहा हुँदो रहेछ, मैले यो ड्रेस आज लगाए किन ?,' उनले थप व्याख्या गर्दै भने, 'किनकी ज्ञानको राजा ज्ञानेन्द्र हुनुहुन्छ, उहाँले धेरै पटक मसँग भेट्ने प्रयास गर्नुभएको थियो। आज म यो लगाएर कहिँ उहाँको त्यो याद आउँछ कि, भेट्नु हुन्छ कि त्यसैले कालो ड्रेस लगाएर यहाँ आएको हुँ। हेरौं, कहिले भेट्नु हुन्छ।'

उनले 'पराधीन सपनामा सुख छैन' भन्ने उखान उद्धृत गर्दै वर्तमान राजनीतिक र सामाजिक अवस्थाप्रति असन्तुष्टि व्यक्त गरे।

'कहावत छ कि पराधिन सपनामा सुख छैन। पराधिन जो हुन्छ नी, त सपनामा पनि सुख हुँदैन। त्यो जागृत अवस्थामा के कस्तो होला ? त्यो भन्ने अवस्था छैन। तपाई हामी यसै समाजमा छौं, सपना त कस्तो कस्तो आइरहेको छ, सपनामा पनि हामी पीडित छौं। तपाईंहरूलाई त्यसो नलाग्ला, तपाईंहरू पीडित हुनुहुन्न भने ठिकै छ,' उनले भने।

## छुट्टै कार्यालय खोल्न घर खोज्दैछ देउवा ................

पनि बताए।

'१५औं महाधिवेशनका लागि भनेर क्रियाशील नवीकरण गरिसकेको हो। त्यस बेला गगन थापाजी महामन्त्री तथा क्रियाशील सदस्यता व्यवस्थापन समिति संयोजक हुनुहुन्थ्यो। अहिले फेरि किन क्रियाशील अद्यावधिक गरिराख्नुपर्‍यो ?' उनले भने, 'यस्ता सबै कुराको हल गर्न पनि पार्टीभित्र एउटा सहमतिको साझा संयन्त्र आवश्यक पर्छ। त्यो संयन्त्र बनाउने हो भने पार्टीभित्रका विवाद टुंगो लगाउन ठूलो कुरा छैन, मिलाउनुपर्छ भन्ने हाम्रो भनाइ हो। चाहने/नचाहने त वैधानिकता पाउनेहरूको हातमा रह्यो।'

कांग्रेसले वैशाखदेखि जरा अभियानसँगै क्रियाशील सदस्यता अद्यावधिक अभियान चलाइरहेको छ। नेताहरू पूर्णबहादुर खड्का र शेखर कोइरालाले क्रियाशील अद्यावधिक नगर्न अपिल गर्दै आएका छन्। देउवा र कोइराला पक्षको काठमाडौं तथा प्रदेशहरूमा भएका भेलामा पनि क्रियाशील अद्यावधिक नगर्ने निर्णयहरू भइरहेका छन्।

महामन्त्री प्रदीप पौडेल संयोजक रहेको क्रियाशील सदस्यता समितिले प्रदेशहरूमा अभियानकै रूपमा अद्यावधिक प्रक्रिया अघि बढाएको छ भने जेठ २१ गतेभित्र क्रियाशील अद्यावधिकसम्बन्धी कार्य गर्न समयसीमा तोकेको छ।

कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार क्रियाशील सदस्यता डिजिटल रूपमा अद्यावधिक कार्य देशभरका ६ हजार ७ सय ४३ वटै वडामा भइरहेको छ। आफ्नो मोबाइल नम्बरबाट केन्द्रीय कार्यालयको आधिकारिक नम्बरमा मोबाइल नम्बर सूचीकृत गराएका खण्डमा पार्टी वडा कार्यालय वा वडा सभापतिमार्फत क्रियाशील अद्यावधिक गराउन सकिने व्यवस्था छ।

कांग्रेसले क्रियाशील अद्यावधिक गराउन अझ सहज बनाएको जनाएको छ। अनलाइनमार्फत् फारम भरेर क्रियाशील अद्यावधिकका लागि आग्रह गर्न सकिनेछ। यसमा समस्या आए 'एआई साथी' सँग सहयोग लिन सकिने पार्टीले जनाएको छ।

यसअघि कांग्रेसले क्रियाशील अद्यावधिक गराउन सम्बन्धित वडामै जानुपर्ने र शपथ लिनुपर्ने व्यवस्था गरेको थियो। यसमा आलोचना भएपछि प्रविधिमैत्री रूपमा अद्यावधिक गर्न आवेदन दिन सक्ने व्यवस्था गरिएको देखिन्छ।

पार्टी केन्द्रीय कार्यालयले देशभरका सबै वडा कार्यालयबाट क्रियाशील अद्यावधिक भइरहेको बताए पनि संस्थापन इतर नेताहरूले क्रियाशील अद्यावधिक गरिराख्न जरुरी नभएको बताउने गरेका छन्।

१५औं महाधिवेशन निष्पक्ष हुँदैन कि भन्ने आफूहरूको चिन्ता रहेको नेता प्रकाशशरण महतको भनाइ छ।

'क्रियाशील टुंगो लगाउने वडा कार्यसमितिले हो, हाम्रो व्यवस्था नै त्यही हो, क्रियाशील नवीकरण भइसकेको छ। कसैले पार्टी छाडेकोलगायत कुरा छ भने सम्बन्धित जिल्ला र वडाहरूबाट अद्यावधिक विवरण माग गरेर भइहाल्थ्यो,' उनले भने, 'डिजिटल गर्ने भनेर अद्यावधिक गरिराख्न जरूरी थिएन। कसैको मोबाइल नम्बर थिएन भने सम्बन्धित वडाहरूबाटै माग गरेर इन्ट्री गरे डिजिटल भइहाल्थ्यो। क्रियाशील अद्यावधिकका नाममा केन्द्रबाटै हस्तक्षेप गर्न भएन, अद्यावधिकका लागि यसो गर उसो गर, यहाँ फोन गर भन्न भएन।'

पार्टी संस्थापनले भने वडा कार्यसमितिलाई क्रियाशील अद्यावधिक गर्न युजर र पासवर्ड दिइएको जनाएको छ। पार्टीगत प्रणालीलाई अटेर गर्ने गरी केन्द्रीय कार्यालयबाट मोबाइल नम्बर, एआई साथी जस्ता कुरा प्रयोग गरी क्रियाशील अद्यावधिक गरिएकोमा उनले असहमति जनाएका छन्।

'क्रियाशील अद्यावधिकका नाममा सम्बन्धित पार्टी समितिलाई थाहै नदिनेजस्तो पनि देखिँदैछ, त्यसो गर्न भएन भन्ने हो,' उनले भने, 'हामीले भाग खोजेका छैनौं, अधिवेशन निष्पक्षताका लागि साझा संयन्त्र बनोस् भनेको हो। १५ औं महाधिवेशनबाट आउने नेतृत्व पारदर्शी किसिमबाट भएको प्रक्रियाबाट आउनुपर्छ अनि पो सबैले त्यो नेतृत्वलाई स्वीकार गर्छन्।'

प्रवक्ता देवराज चालिसे भने आफूहरू पनि प्रक्रियाअनुसार नै आएकोले विधानभन्दा बाहिरको संरचनामा जान नसकिने बताउँछन्। 'केही विवाद वा समस्या देखिए भने विधानभित्रकै संरचनाबाट समाधान खोज्नुपर्छ, हामी पनि प्रक्रियाअनुसार नै आएका हौं,' उनले भने।

सभापति गगन थापाले पार्टीभित्रका विभिन्न संरचनामा सबै पक्षलाई समेट्न आफूहरू तयार रहेको बताएका छन्।

उनले महाधिवेशन निष्पक्ष र पारदर्शी बनाउन पार्टीभित्रका निर्वाचन, सदस्यता, अनुशासनलगायत विभिन्न समितिमा सबै पक्षलाई समेट्ने प्रतिबद्धता पनि जनाएको गरेका छन्।

'कुन समितिमा कसलाई राख्दा त्यसले १५ औं महाधिवेशन निष्पक्ष र पारदर्शी हुन्छ भन्ने लाग्छ नाम दिनुहोस्, राख्छौं,' सभापति थापाले संस्थापनइतर पक्षका नेताहरूलाई लक्ष्य गर्दै भने।

नेता महत भने दयामायाले यो वा त्यो पद दिने भन्दा पनि महाधिवेशन निष्पक्षताको सुनिश्चितता खोजिएको बताउँछन्। 'कसैले दयामायाले यो वा त्यो पद दिने भन्दा पनि हामीले खोजेको अधिवेशन निष्पक्ष होस् भन्ने हो,' उनको भनाइ छ।

पूर्वउपसभापति विमलेन्द्र निधिले सम्पर्क कार्यालय खोल्न घर हेर्ने काम भइरहेको बताए।

'पार्टी कार्यालयका लागि घर खोजिरहेका छौं, भिमसेनगोला पुरानो बानेश्वर क्षेत्रमा,' उनले भने, 'एउटा घटना पर्‍यो र म जनकपुर आएँ। प्रकाशमान सिंह लगायतले घर हेर्ने काम गर्दै हुनुहोला।'

१५ औं महाधिवेशन तयारीका लागि कार्यालय राख्न घर खोजिएको हो कि नयाँ पार्टी बनाउन भन्ने प्रश्नमा पूर्वउपसभापति निधिले भने, 'सम्पर्क कार्यालय राख्न घर खोजिरहेका छौं, यसबारे अहिले मैले थप केही बोल्दिनँ, अरू साथीहरूलाई सोध्नुस् न।'

यसबीच देउवानिकट केही युवा नेताहरूले अनामनगरमा सम्पर्क कार्यालय खोलिसकेका छन्। निवर्तमान केन्द्रीय सदस्यहरू गुरु बराल, जितजंग बस्नेत, कुन्दनराज काफ्ले लगायतको अगुवाइमा सम्पर्क कार्यालय खोलिएको नेताहरूको भनाइ छ।

निवर्तमान केन्द्रीय सदस्य कुन्दनराज काफ्लेले सम्पर्क कार्यालय खोलिएको बताए।

'नियमित महाधिवेशन पक्षधर करिब ३ सय युवा मिलेर अनामनगरमा भेटघाटका लागि सम्पर्क कार्यालय खोलेका हौं, यस्ता सम्पर्क कार्यालयहरू अरू पनि छन्,' काफ्लेले भने।

देउवा समूहले संस्थापन पक्षलाई महाधिवेशन निष्पक्षताका लागि एउटा कार्यदल बनाउन दबाब दिइरहेका बेला सभापति गगन थापाले भने हालै विशेष महाधिवेशनमा भाग नलिएका देउवा, शेखर र शशांक पक्षका १९ जनालाई केन्द्रीय सदस्य मनोनीत गरेका थिए।

उपसभापति विश्वप्रकाश शर्माले सोमबार धुलिखेलमा बागमती प्रदेशस्तरीय भेलामा बोल्दै पार्टीभित्र रहेका गुट भत्काएर पार्टी बलियो बनाउने नीति अबलम्बन गरिएको बताएका थिए।


# सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं।
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं।
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं।
- सूचनाको हक सुनिश्चित गरौं।
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं।
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं।
- प्रविधिमैत्री सेवा विस्तार गरौं।
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल